# राजेश्वरी खण्डकाव्यको तत्त्वगत विश्लेषणको आलोकमा पौरस्त्य दर्शन

✍धनकृष्ण उपाध्याय[1]

**सार सङ्क्षेप**

*स्वच्छन्दतावादी भाव र परिष्कारवादी शिल्पका साथ कलम चलाउने माधव घिमिरे (वि. सं. १९७६) ले कविता, खण्डकाव्य, नाट्यकाव्य, गीत, बालगीत, निबन्ध, समालोचना जस्ता विभिन्न विधामा कलम चलाएका छन् । उनलाई नेपाली साहित्यमा परिचित गराउने प्रमुख कृति गौरी खण्डकाव्य हो । यसरी कवि घिमिरेलाई नेपाली पाठकबिच लोकप्रिय बनाउने पहिलो कृति खण्डकाव्य नै रहेको देखिन्छ । सर्वदर्शनमा स्नातक गरेका घिमिरेले गौरी, पापिनी आमा, राजेश्वरी, राष्ट्रनिर्माता, धर्तीमाता, इन्द्रकुमारी, गौँथली र गजधम्मे तथा बोराको परदा गरी आठ वटा खण्डकाव्य प्रकाशित गरेका छन् । दर्शनबाट नै शिक्षित तथा दीक्षित घिमिरेले खण्डकाव्यमा पौरस्त्य वा पूर्वीय दर्शनका विविध विषयवस्तु समेटेका छन् । उनका अन्य काव्य झैँ 'राजेश्वरी' खण्डकाव्यमा पौरस्त्य दर्शनको प्रयोग भएको छ । खण्डकाव्यका कथानक, पात्र, परिवेश, जीवनदर्शन, भाषाशैली जस्ता प्रमुख तत्त्वहरूको विश्लेषणका साथै तिनमा पौरस्त्य दर्शनका प्रमुख विषय ब्रह्म, ईवर, आत्मा, प्रकृति र पुरुष, जगत्, विधि, कर्म जस्ता तत्त्वहरूको प्रयोगबारे पनि विश्लेषण गरिएको छ । राजेश्वरी खण्डकाव्यको तत्त्वगत विश्लेषणको आलोकमा पौरस्त्य दर्शन शीर्षकको यस लेखमा रहेका सैद्धान्तिक पक्षहरू पूर्वीय सिद्धान्त र मान्यतामा आधारित साहित्यशास्त्र र दर्शनशास्त्रका पुस्तकहरूका मूलभूत मान्यता ग्रहण गरिएको छ । उक्त मान्यताका आधारमा राजेश्वरी खण्डकाव्यका तत्त्वहरूको विश्लेषण गरिएको छ । उक्त सिद्धान्तको मियोमा रही 'राजेश्वरी' खण्डकाव्यको सुरुदेखि अन्तसम्म पटक पटक अध्ययन गरी तत्त्वगत विश्लेषण र पौरस्त्य दर्शनको प्रयोगसम्बन्धी अध्ययन गरिएको छ । सो अध्ययन गर्दा शोध अध्ययन विधि र पुस्तकालय विधिको प्रयोग गरिएको छ । सिद्धान्त र अध्ययनबाट 'राजेश्वरी' खण्डकाव्यको तत्त्वगत विश्लेषणका क्रममा दार्शनिक प्रयोगबारे उल्लेख गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।*

**मुख्य शब्द र शब्दावली :**

*साहित्यिक यात्रा, खण्डकाव्य, बालकविता, नाट्यकाव्य, समालोचना, स्वच्छन्दतावादी, परिष्कारवादी, चरित्रप्रधान, कथावस्तु, पौरस्त्य, मीमांसा दर्शन, कर्मविधान, नित्यकर्म, काम्यकर्म, नैमित्तिक कर्म, चरित्रप्रधान, नायिका, प्रतिनिधिमूलक, आध्यात्मिकता, सार्वजनीन मान्यता, सतीवेदी, मानवतावादी दार्शनिक चिन्तन, परिवेशविधान, धार्मिक मुद्रा, परिस्थिति, द्वन्द्व, ईश्वर, आत्मा, जन्म, मृत्यु, स्वर्ग, बन्धन, मानवतावाद, सांस्कृतिक चेतना, गोलाइँची फूल, संस्कार-मनोभूमि, राष्ट्रिय भावनाको चिन्तन, जीवनदर्शन, वैदिक दर्शन, आराधना, प्रकृति देव, जिजीविषाको प्रतिमूर्ति, प्रकृतिपरक दार्शनिक चेतना, जड(चेतन(समन्वयवादी चिन्तन, आनन्दचेतना, चिदानन्द विश्वचेतना, अङ्गीरस, विप्रलम्भ शृङ्गार, वात्सल्य रस, अङ्गरस, शार्दूलविक्रीडित छन्द, शिखरिणी छन्द, तृतीय पुरुष दृष्टिबिन्दु, वेदको दर्शन, साङ्ख्य दर्शन, सच्चिदानन्द, अमर, स्वर्ग, काल, धर्म, प्राण, सृष्टि, कण, हंस, अंश आदि ।*

*१ उपप्राध्यापक, टीकापुर बहुमुखी क्याम्पस*

## १. परिचय

राजेश्वरी खण्डकाव्यका रचयिता माधव घिमिरे हुन् । उनको जन्म वि. सं. १९७६ साल असोज ७ गते सोमबारका दिन लमजुङ जिल्लाको पुस्तुन बाहुनडाँडा गाउँमा माता द्रौपदीदेवी तथा पिता गौरीशङ्कर उपाध्यायको पहिलो सन्तानका रूपमा भएको हो । विभिन्न पेसामा संलग्न भई कार्य गरेका घिमिरे विविध पुरस्कार तथा सम्मानबाट विभूषित भएका छन् । 'ज्ञानपुष्प' (वि.सं. १९९२) फुटकर कविताबाट साहित्यिक यात्रा प्रारम्भ गरेका घिमिरेले  खण्डकाव्य, बाल कविता, गीत, कथा ,नाट्यकाव्य तथा समालोचना विधामा समेत कलम चलाउँदै आएका छन् । अन्य विधाका अतिरिक्त उनका पापिनी आमा (२०१३), गौरी (२०१५), राजेश्वरी (२०१७), राष्ट्रनिर्माता (२०२३), धर्तीमाता (२०३०), इन्द्रकुमारी (२०५७), बोराको परदा (२०५७) र गौँथली र गजधम्मे (२०५७) आठ वटा खण्डकाव्य, रहेका छन् । घिमिरे भावमा स्वच्छन्दतावादी र शैलीमा परिष्कारवादी कविका रूपमा परिचित छन् । वि. सं. २०१७ सालमा प्रकाशित राजेश्वरी चरित्रप्रधान ऐतिहासिक खण्डकाव्य हो । यस खण्डकाव्यले कवि घिमिरेको कवित्वले महत्तम उचाइँ प्राप्त गरेको देखिन्छ । प्रस्तुत काव्य जम्मा बिस छालमा विभाजित गरिएको छ । प्रत्येक छालको सुरुमा एउटा परिचयात्मक गद्यवाक्य र पाँचपाँच वटा श्लोक गरी एक सय श्लोक र चार सय चरण रहेका छन् । यो खण्डकाव्य कवि घिमिरेको दोस्रो चरणको उत्कृष्ट कृति हो । यो खण्डकाव्य ऐतिहासिक तथ्य विषयवस्तुमा आधारित भएर पनि भावनात्मक रहेको छ ।

## २. कथावस्तु

रणबहादुर शाहकी जेठी रानी राजेश्वरीको चरित्रमा यो काव्य केन्द्रित रहेको छ । यसको कथावस्तु सम्बन्धमा घिमिरे (२०६९ ग) ले भनेका छन्,

राजेश्वरी रणबहादुर शाहकी जेठी रानी हुन् । गुल्मीको राजकुलमा उनको जन्म भएको थियो । पतिपरायणा तर सधैं उपेक्षिता, सन्तानहीना तर गीर्वाणकी धर्मकी आमा, उदारहृदया तर दरबारिया षड्यन्त्रले हेलम्बुमा फ्याँकिएकी, सधैं नेपालको सुनौलो सपना देख्ने तर पच्चिसै वर्षको उमेरमा चितामा चढेकी- रानी राजेश्वरीको जीवन जटिल भैकन पनि सरल, सरल भैकन पनि मार्मिक छ - संसारका सबै महान् व्यक्तिको जीवन यस्तै हुन्छ । ....यस कार्यमा मेरो मुख्य आधार 'सती विज्याय माल' भन्ने नेवारी लोकगीत छ, जो हेलम्बुमा निर्वासित भएदेखि वाग्मतीमा सती गएसम्मको राजेश्वरी मर्ममधुर जीवनको शेष अंशसँग सम्बन्ध राख्तछ  (भूमिका) ।

यस खण्डकाव्यकी प्रमुख नायिका राजेश्वरी दरबारिया षड्यन्त्रका कारण हेलम्बुमा निर्वासित जीवन बिताइरहेकी थिइन् । त्यहाँ सात जना दूतहरू गएर रानीलाई दरबारतिर जान आग्रह गर्दछन् । रानी षड्यन्त्रको आशङ्काले नजाने कुरा गर्दछिन् । दूतहरूले राजाको नक्कली प्रेमपत्र सुनाई रानीलाई विश्वस्त पारेर कान्तिपुर तिर ल्याउन सफल हुन्छन् । एक वास टाढा आइपुगेपछि रानीलाई राजाको स्वर्गे भएको खबर हुन्छ । रानी पुनः हेलम्बुतिर फर्कन खोज्दा दूतहरू जान दिँदैनन् । रानीको दुःखमय अवस्था देखेर ग्रामयुवती दुःख प्रकट गर्छिन् । ब्रजयोगिनीमा पुगेर देवीलाई आशागुर्जा चढाउँछिन्, पुजारीले कल्याणको कामना गर्छन् । रानीको वीरताको प्रसङ्ग गाइनेले गाउँछ । रानीलाई तीन दिनको यात्रापछि वाग्मती किनारमा पुऱ्याउँछन् । रानीले विभिन्न कुरा गरी दरबार जान खोज्दा पनि सेनापतिले परिस्थिति बदलिएकाले रानीप्रति आदर हुँदाहुँदै पनि जान दिन नसकिने कुरा गर्छ । रानी आर्यघाट पुगेर आफ्नो देशलाई आवश्यकता रहेको कुरा गर्दा र राजनैतिक, दार्शनिक, कलाकार आदि जनसमूहले विरोध गर्दा पनि पुरोहितले धार्मिक आडमा र अमात्यले राजनीतिको आडमा कान्तिपुर दरबार गई बालक छोरा गीर्वाणको मुख हेर्ने अन्तिम इच्छासमेत पूरा नगरी सती जान बाध्य पारिएको छ । यसरी पौरस्त्य मीमांसा दर्शनका कर्मविधानका सम्बन्धमा पनि यस काव्यमा सबल रूपमा चित्रण गरिएको

छ । नित्यकर्म, काम्यकर्म र नैमित्तिक कर्मका बारेमा अप्रत्यक्ष रूपमा चर्चा गरिएको छ । रानीलाई जबरजस्ती सती जान बाध्य पारिएकोमा कविले चिन्ता प्रकट गरेका छन् । यिनै प्रमुख घटनाहरूमा खण्डकाव्यको कथावस्तु निर्माण भएको छ । ऐतिहासिक क्रूरताप्रति कविको विद्रोहजन्य अभिव्यक्ति प्रकट भएको छ ।

### ३ . पात्र विधान

राजेश्वरी खण्डकाव्य चरित्रप्रधान रहेको छ । यसमा प्रत्यक्ष चौध जना पात्र रहेका छन् । ती पात्रहरूमा दूत, राजेश्वरी, ग्रामयुवती, पुजारी, गाइने, सेनापति, पुरोहित, राजा, बालक राजा गीर्वाण, अमात्य, राजनीतिज्ञ, दार्शनिक, कलाकार र कवि रहेका छन् । अप्रत्यक्ष पात्रहरूमा भारदारहरू, कान्तिमती, त्रिपुरा, दासी र जनसमूह रहेका छन् । प्रत्यक्ष पात्रहरूमा राजेश्वरीको भूमिका सबभन्दा बढी रहेको छ । यिनको भूमिका छाल दुई, चार, पाँच, नौ, एघार, तेह्र र पन्ध्र, गरी सात छालमा रहेको छ भने बाँकी तेह्र पात्रको एकएक सर्गमा मात्र भूमिका रहेको छ । तसर्थ रानी राजेश्वरीको भूमिका एकतिहाइभन्दा बढी रहेको छ ।

राजेश्वरी यस काव्यकी प्रमुख चरित्रका साथै नायिका पनि हुन् । गुल्मीको राजपरिवारमा हुर्केर नेपालका राजा रणबहादुर शाहकी जेठी रानी हुन पुगेकी राजेश्वरी दरबारिया षड्यन्त्रबाट पटकपटक पीडित नारी हुन् । तर पनि उनी राष्ट्रको उन्नतिखातिर सधैं तल्लीन रहेकी छन् । "राजेश्वरी सामान्य नारी, कुशल नेपाली गृहिणी, असल प्रियतमा, आदर्श आमा र पतिपरायणा रमणीका रूपमा चित्रित छन् । उनी हेलम्बुमा पतिद्वारा नै परित्यक्ता जोगिनी-वियोगिनी बनेर बसेकी हुन्छिन्, तर पतिको प्रेमसन्देश सुन्नासाथ जालसाँचको शङ्का हुँदाहुँदै पनि कान्तिपुर नफर्किई पतिको प्रेमनिमन्त्रणलाई लत्याउँन सक्दिनन्" (पोखरेल, २०५६, पृ.३०) । उनी आफ्नो धर्म र परम्पराप्रति सचेत नारीका रूपमा रहेकी छन् । राजेश्वरी प्रजावत्सला र जनप्रिया रानी, पुत्रवत्सला आमा, पतिपरायणा रमणी, वीराङ्गना, सती पत्नी, विधवा नारी, गृहलक्ष्मी, चितामा जबरजस्ती होम्न ल्याइएकी असहाया तथा दयनीया निरीह नारीका देखिन्छिन् । उनी आकर्षक, प्रभावशाली र श्रद्धेय नारीका रूपमा परिचित रहेकी छन् ।

राजेश्वरीका अतिरिक्त अन्य पात्रहरू प्रतिनिधिमूलक रहेका छन् । दूतहरू अह्राएको काम गर्ने र आफ्नो विवेकको प्रयोगमा उदासीन निम्नवर्गीय कर्मचारी वा सिपाहीका प्रतिनिधि हुन् । ग्रामयुवती नेपाली सरल हृदया नारीकी प्रतिबिम्ब हुन् । पुजारी सबैको भलो चिताउने धर्मकर्मप्रति सचेत व्यक्तिको रूपमा रहेको आध्यात्मिकताको प्रतिनिधित्व गर्ने पात्र हो । बुढो गाइने नेपाली संस्कृति र घटनालाई जनसमक्ष पुर्‍याउने पात्रका रूपमा अङ्कित भएको छ । तत्कालीन समयमा घटेका घटनालाई कर्खामा बाँधेर आफ्नो गला र कलामार्फत जनतालाई सुसूचित गर्ने काम यस पात्रले गरेको देखिन्छ । सेनापति राज्यको परिस्थिति र राजनीतिक व्यवस्थाअन्तर्गत रहेर नुनको सोभ्फो गर्ने चरित्र हो । स्वविवेकभन्दा आदेशको पालना गर्ने व्यक्तिको प्रतिनिधित्व गरी रानीलाई आर्यघाटमा पुऱ्याउन तल्लीन पात्रको भूमिकामा रहेको छ । यसबाट राज्यका सुरक्षा निकायहरू न्यायअन्यायको छानबिनभन्दा शासकको सत्ता जोगाउने काममा सक्रिय हुनुका साथै आदेशको पालनामै सीमित हुने गर्छन् भन्ने सार्वजनीन मान्यताको उद्घाटन भएको देखिन्छ ।

पुरोहित धर्मको आडमा सत्ताको संरक्षण गर्नतिर लागेको पात्रका रूपमा चित्रित छ । उसले रानीलाई सती महात्म्य सुनाएर सती जान बाध्य पारेको छ । ऊ अन्धविश्वासी, रुढ र अमानवतावादी पात्रका रूपमा देखा परेको छ । नाबालक राजा गीर्वाणमा बालसुलभ स्वभाव रहेको छ । अमात्यको भूमिका एउटा मात्र छालमा रहे पनि रानीभन्दा पछि उसकै भूमिका देखिएको छ । पोखरेल (२०५६) ले भनेका छन्,

अमात्य केही षड्यन्त्रकारी, पदलोलुप र राजनीतिको निहुँमा कूटनैतिक धूर्तता खेल्न खप्पिस प्रतीत

हुन्छन् । तर त्यो तत्कालीन र अमात्यको स्वाभाविक स्वरूप हो र नेपालको दरबारिया राजनीतिमा अमात्य वा मन्त्री वर्गको प्रकृति त्यस बेला त्यस्तै हुन्थ्यो । अमात्य रानीलाई सतीवेदी जलाएर आफू निर्विघ्न रूपले सत्तामा आउन चाहन्छन् । प्रस्तुत काव्यमा राजेश्वरीपछि मुख्य भूमिका खेल्ने प्रमुख पात्रको रूपमा अमात्यलाई प्रस्तुत गरिएको छ किनभने राजेश्रीलाई चिता चढाउने मुख्य व्यक्ति उनै हुन् र काव्यको सेरोफेरोमा उनको कार्यव्यापार बेलाबखत भित्रभित्रै छिप्दै गरे पनि अत्यन्त प्रभावशाली रहेको छ । राजनीतिमा दयामाया नभएर चालबाजी र धूर्तता हुन्छ भन्ने कुराको आभास अमात्यको चरित्रले दिन्छ । प्रकारान्तरले त्यस्तै व्यक्तिलाई राजनीतिकुशल भन्ने गरिन्छ र अमात्य तत्कालीन परिवेशका राजनीतिनिपुण, धूर्त, केही क्रूर, कठोर तथा राजभक्त (राजा गीर्वाणप्रति निष्ठावान्) एवं देशभक्त पनि देखिन्छन् (पृ. ५४) ।

कलाकार, राजनैतिक र दार्शनिक तत्कालीन नेपाली जनताका प्रतिनिधि हुन् । उनीहरूले अमानवीय कार्यका विरुद्ध दबिएको आवाज व्यक्त गरेका छन् । "राजनैतिक, दार्शनिक, कलाकार र कविका आवाजमा आदर्श र वास्तविकताको द्वन्द्वमा रनथनिएको उदात्त उद्गारको अन्तस्तलमा पनि नेपाली व्यक्तित्वका रागिनीहरू प्रशस्त छन्" (त्रिपाठी, २०२८, पृ.१८) । यसरी हेर्दा राजेश्वरीका अतिरिक्त अन्य पात्रहरूले नेपाली समाजको विभिन्न वर्गको सशक्त प्रतिनिधित्व गरेको पाइन्छ । मानवतावादी दर्शनिक चिन्तन र राष्ट्रिय भावनाले ओतप्रोत यी पात्रहरू काव्यलाई सशक्त र जीवन्त बनाउने कार्यमा सक्रिय रहेका छन् ।

## ४. परिवेशविधान

राजेश्वरी खण्डकाव्य चरित्रप्रधान भए पनि परिवेशविधान पनि सशक्त रहेको छ । यसको स्थानगत परिवेश नेपाली भूमि रहेको छ । घटना घटेका स्थानहरूमा हेलम्बु, कोशी, बज्रयोगिनी, वाग्मती, कान्तिपुर आदि रहेका छन् । यसअन्तर्गत पहाडी सुन्दर प्रकृतिको सशक्त अभिव्यक्ति पाइन्छ । कवि प्रकृतिको चित्रणमा बढी तल्लीन देखिन्छन् । "हेलम्बुका प्रकृति र संस्कार, कान्तिपुरका प्राकृतिक र सांस्कृतिक स्पन्दन, कोशी प्रदेशका प्राकृतिक गुञ्जन, वज्रयोगिनीको सांस्कृतिक र धार्मिक मुद्रा, कान्तिपुर(काशी र कान्तिपुर(हेलम्बुका मार्गगत प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक स्मृति आदि परिवेश रहेका छन्" (त्रिपाठी, २०१७, पृ.१७) । कालगत परिवेशमा काशीमा जोगी वेशमा रहेका रणबहादुर शाहलाई नेपाल फर्काएर ल्याएदेखिको शासनकाल र उनको मृत्युपछिका तीन दिन मुख्य रूपमा रहेका छन् । गीर्वाणको राज्यारोहण र भीसेन थापाको उदयकाल अथवा वि. सं. १९६३ को घटनालाई मुख्य विषय बनाइएको छ । यस खण्डकाव्यमा पूर्वस्मृतिका रूपमा लामो समय रहे पनि मूल घटना तीन दिनको सेरोफेरोमा मात्र घटेको पाइन्छ ।

परिस्थितिअन्तर्गत तत्कालीन नेपाली राजनीतिमा रहेको दरबारिया षड्यन्त्र, जालझेल, उछारपछार, सत्ताखेलको चर्चा गरिएको देखिन्छ । राजनीतिमा सत्ताको पुजारी बन्ने र उसको चाकरी र चाप्लुसी गरेर आफ्नो दुनो सोझ्याउने प्रवृत्ति प्रस्ट देखिन्छ । नेपाली जनताको मानवीय संवेदना र शासकको क्रूरताबिच द्वन्द्वको झलक देखिन्छ । धार्मिक तथा सांस्कृतिक परम्परा, लोकजनजीवन र लोकसंस्कृति, धार्मिक अन्धविश्वास, जस्ता पक्षहरूले काव्यलाई सशक्त बनाएको देखिन्छ । पौरस्त्य वैशेषिक दर्शनका काम्यकर्म विचार र धर्म विचार तथा ईश्वर, आत्मा, जन्म, मृत्यु, स्वर्ग, बन्धन जस्ता विषयहरू पनि परिवेशका रूपमा समावेश गरिएका छन् । पुरोहितको प्रसङ्गमा धर्मकर्म विचार देखिन्छ भने बज्रयागिनी र पुजारीको प्रसङ्मा धर्मविचार उल्लेख गरिएको छ । अन्य दार्शनिक, कलाकार, राजनैतिक, कविबाट पात्रहरूद्वारा मानवतावादी दर्शनको उजागर भएको छ । ईश्वरवादी चिन्तनको परिस्थिति काव्यको अधिकांश स्थानमा रहेको छ ।

५. जीवनदर्शन

राजेश्वरी खण्डकाव्य रुढि र अन्धपरम्पराको अन्त्य गरी मानवतावादको स्थापना हुनुपर्छ भन्ने मूल मान्यतामा आधारित रहेको छ। धर्मको आडमा अमानवीय कार्य गर्नुहुँदैन। तर बेलाबखत विश्वमा यस्ता घटना हुने गरेको भन्दै "परम्परा र धार्मिक रीति(रिवाजको धम्की दिएर निमुखाहरूको अस्तित्व मेटाइदिने क्रूरहरूको जहाँकहीँ पनि चाल एउटै हुन्छ। अर्काको आँसुलाई उपेक्षा गरी तिनीहरू मानिसको दायित्वलाई दानवीय दायित्वका रूपमा पूरा गर्छन्" (रिसाल, २०५०, पृ.२८१) भन्ने उल्लेख गरिएको पाइन्छ। "कवि मानवता गीत गाई राजेश्वरीलाई आफूमा आत्मसात् गराएर एउटा अनुपम कलाको सिर्जना र संरक्षणमा मानव समुदाय जुट्नुपर्ने सन्देश दिन्छन्। दानवतालाई उखेलेर मानवतालाई सुप्रतिष्ठत गर्नुपर्छ भन्ने सार यस काव्यले बोकेको छ" (गौतम, २०५६, पृ.६९)। यसरी हेर्दा यस काव्यको जीवनदर्शन नै मानवतावादको वकालत रहेको छ। "कवि घिमिरेले मानवतावादी विचारका साथै सृष्टि र जीवनप्रतिको सकारात्मक आशावादी स्वर गुन्जाएका छन्। उनका विचारमा जीवनमा दुःखसङ्कट र समस्याले घेर्न आउँछन् तथा निराशाले गाँज्न खोज्छ, तर सृष्टि मनुष्यका निम्ति सदैव दयाकरुणाको मुहान हुनाका साथै सुन्दर मधुर पनि छ" (अवस्थी, २०६४, पृ.२११)। यी भनाइहरूका आधारमा यस काव्यमा मुख्यतः मानवतावादी दर्शन नै जीवनदर्शन रहेको छ भने अन्य दार्शनिक पक्षहरू पनि रहेका छन्। यस काव्यको दार्शनिक पक्षबारे कविले लेखकको एक प्रश्नको उत्तरमा भनेका छन्, राजेशवरी खण्डकाव्य गौरीको उत्तरार्ध मान्न सकिन्छ। अथवा गौरी खण्डकाव्यमा गौरीको निधनले कविसंसार शून्य भएको छ। कसैको मृत्युले ठुलो आघात पुग्न जान्छ। तसर्थ कसैको पनि जीवनहरण गर्ने अधिकार कसैलाई छैन। मानव र प्रकृतिको घनिष्ठ सम्बन्ध हुन्छ। जीवन दिने अधिकार केवल ईश्वरलाई मात्र भएकाले हरण गर्ने अधिकार अरूको छैन केवल ईश्वरको मात्र छ भन्ने विचार दिएर कविले जीवनवादी र मानवतावादी दर्शन प्रकट गरिएको छ (अन्तर्वार्ता)।

राजेश्वरी खण्डकाव्यमा सांस्कृतिक चेतना पनि प्रबल रूपमा रहेको छ। नारी मात्र भएको घरमा भित्र नपस्ने सांस्कृतिक मान्यताको परिपालन गरिएको छ। विधवा जीवनको परिचर्चा, पितृकार्य चढाइने गोलाइँची फूलको प्रसङ्ग, सन्तानको बाबुआमाप्रतिको दायित्व जस्ता सांस्कृतिक पक्षहरू पनि प्रसङ्अनुसार उल्लेख गरेर नेपाली सांस्कृतिक पक्षको उद्घाटन गरिएको छ। "हाम्रा लोकविश्वास, लोकधारणा र संस्कार-मनोभूमिका अङ्कुरहरू सँगालिएका छन्। परिशेषमा सांस्कृतिक छविका दृष्टिले 'राजेश्वरी' पर्याप्त उज्यालिएको छ र आफ्ना परम्परा, संस्कार, धर्म, रुढि तथा लोकधारणाबाट राम्रा कुरा लिनुपर्छ, नराम्रा कुरा छोड्नुपर्छ भन्ने आशयसमेत यहाँ प्रस्ट पारिएको छ" (पोखरेल, २०५६, पृ.८३)। चिलले शिर नाघ्यो भने अशुभको सङ्केत, पतिव्रता धर्मको महिमा, अतिथि सत्कार जस्ता सांस्कृतिक पक्षको समेत उजागर गर्न खोजिएको छ।

राष्ट्रिय भावनाको चिन्तन र प्रस्तुतीकरण यस काव्यको अर्को महत्त्वपूर्ण उद्देश्य रहेको छ। यस काव्यमा प्रत्यक्ष रूपमा राष्ट्रियताको उल्लेख नभए पनि कथानक, परिवेश र चरित्रहरूले राष्ट्रियताको पक्षलाई उजिल्याउने काम गरेका छन्। कथावस्तु नेपालको राजनीतिसित जोडिएको देखिन्छ। पात्रहरू सबै नेपाली शासक र जनताका प्रतिनिधि रहेका छन्। घटना भएको स्थान नेपालकै भूभाग रहेको छ। नेपालका नदीनाला, हिमाल, पहाड, वन, वनस्पति सबैले राष्ट्रियता झल्काएका छन्। देशको उन्नति र प्रगतिप्रति पात्रहरू सचेत छन्। विदेशमा भएका राजालाई स्वदेशमा फिर्ती गरिएको छ। "नेपाली प्रकृति, नेपाली चालचलन र जिन्दगानी आदिप्रति आदरभाव र ममता जागृत गराउने राष्ट्रिय चैतन्य र स्वदेश विषयक रति बिउँझिएको छ, त्यो आफैंमा पनि महत्त्वपूर्ण बनेको छ र त्यसले विराट् धर्ती, विश्वव्यापी प्रकृति र विश्वमानवप्रति प्यार गर्न प्रेरित गरेको छ" (पोखरेल, २०५६, पृ.८७)।

यस काव्यमा पौरस्त्य दर्शनका विविध पक्षहरू पनि जीवनदर्शनका रूपमा प्रस्तुत गरिएका पाइन्छन् । वैदिक दर्शनका प्रकृतिलाई ईश्वरीय स्वरूप मानी आराधना गरिने उषा, अश्विन वा प्रकृति देव, मरुत् वा वायु, जल, पृथिवी, अग्नि, यम वा मृत्यु, सरस्वती वा नदी, बृहस्पति वा पुरोहित जस्ता पक्षहरूको उल्लेख र आराधना गरी सशक्त चित्रण गरिएकाले वेदको दार्शनिक प्रभाव रहेको छ । प्रकृतिचित्रणबाट नै काव्यको सुरुवात गरी प्रकृतिलाई नै सुख र सृजनाको साध्यका रूपमा प्रस्तुत गरिएको छ। प्रकृतिलाई मानवीय जिजीविषाको प्रतिमूर्तिका रूपमा, करुणा मूर्तिका रूपमा, शान्तिस्रोतका रूपमा र सृष्टिको सर्वाङ्गमा व्याप्त सच्चिदानन्दमय दिव्य रूपमा प्रस्तुत गरेर प्रकृतिपरक दार्शनिक चेतना प्रस्ट्याइएको छ ।

कवि घिमिरे रोमान्टिक चिन्तनप्रवृत्तिकै अनुरूप सृष्टिको अन्तरङ्गमा चिदाभास, दिव्यतत्त्व वा परमचित् विद्यमान रहेको कुरा स्विकार्छन् तर भौतिक जगत् वा बहिरङ्ग प्रकृतिसृष्टिको उपेक्षा गर्दैनन् । दर्शनका रूपमा यो वैदिक चिन्तनका आडमा टुसाएको अरविन्द(दर्शनको जड(चेतन(समन्वयवादी चिन्तन हो( जसमा अध्यात्म र भौतिकता दुबैप्रति समान आदरभाव राखिन्छ र अझ भौतिक जगत्प्रति हार्दिक अनुराग राखिन्छ, त्यही आडमा यहाँ कवि घिमिरेको जीवनदर्शन स्थिर हुन खोजेको प्रतीत हुन्छ (पोखरेल, २०५६, पृ.९२(९३) ।

घिमिरेले पौरस्त्य दार्शनिक चिन्तनलाई मूल ध्येयका रूपमा राजेश्वरी खण्डकाव्यमा प्रयोग गर्ने उद्देश्य नभए पनि विभिन्न प्रसङ्गमा सहज ढङ्गले प्रस्तुत गरेका छन् । सुखसन्देश, आनन्दचेतना, चिदानन्द विश्वचेतना, ईश्वरीय सृष्टि जस्ता दार्शनिक पक्षहरू घिमिरेले जीवनदर्शनका रूपमा उल्लेख गरेका छन् ।

## ६. भाषाशैली

राजेश्वरी खण्डकाव्यमा तद्भव शब्दको बाहुल्य रहेको भए पनि तत्सम शब्दको पनि प्रशस्त प्रयोग भएको छ । संस्कृत जटिल शब्दहरूको पनि दुईचार ठाउँमा प्रयोग भएको छ । आगन्तुक शब्दको प्रयोग एकदम न्यून देखिन्छ । तत्सम शब्दको बढी प्रयोग देखिए पनि भावबोधमा जटिलता पाइँदैन, सरल, सहज र बोधगम्य नै रहेको छ । शैलीमा  करुण रस अङ्गीरसका रूपमा रहेको यस काव्यमा वीर रस, शान्त रस, विप्रलम्भ शृङ्गार र वात्सल्य रस अङ्ग रसका रूपमा रहेका छन् । एकदेखि उन्नाइस छालसम्म शार्दूलविक्रीडित छन्द र अन्तिम बिसौं छालमा शिखरिणी छन्दको प्रयोग गरिएको छ । यसरी हेर्दा प्रस्तुत काव्यमा पन्चानब्बे श्लोक शार्दूलविक्रीडित छन्द र पाँच श्लोक शिखरिणी छन्दका गरी एक सय श्लोक वा चार सय हरफ रहेका छन् । काव्यमा मूलतः आख्यानीकरण गरिएको भए पनि विभिन्न छालमा रहेका संवाद र प्रत्येक छाल छुट्टाछुट्टै शीर्षकमा विभाजन गरी सुरुमा गद्यात्मक वाक्यहरू परिचयका क्रममा आएकाले काव्यमा नाटकीकरण थपिएको छ । तृतीय पुरुष दृष्टिबिन्दु मुख्य रूपमा रहे पनि कतै द्वितीय पुरुष र कतै प्रथम पुरुषको प्रयोगले काव्यलाई विविधतामय बनाई रोचकता थपेको देखिन्छ । अन्त्यानुप्रासको प्रयोगले काव्यलाई लयात्मक, गेयात्मक र सङ्गीतात्मक बनेको छ । उत्प्रेक्षा, उपमा, अप्रस्तुत प्रशंसा, अर्थान्तरन्यास, स्वाभावोक्ति जस्ता अलङ्कारहरू प्रयुक्त छन् । लोकोक्तिहरूको पनि उचित संयोजन गरिएको छ ।

वेदको दर्शन र साङ्ख्य दर्शनमा वर्णित प्रकृति र प्राकृतिक देवताको राजेश्वरी खण्डकाव्यमा सशक्त चित्रण गरिएको पाइन्छ । यस काव्यको सुरुवात नै हेलम्बुको प्रकृतिबाट अघि बढाइएको छ । देवदारु वन, शैल, हावा, पहाड, प्रातः, कैलाश, किन्नरकिन्नरी, राग, सानन्द, ज्योति, वैराग्य, हृदय, धरणी, रवि, ऊर्ध्व(तपस्विनी, मर्त्यजन, सन्ध्याकाल, मूर्ति, वज्रयोगिनी, वीरभद्र, दुःख, विद्युत्, सन्ध्या, विराट् मनुज, समाधि, वैकुण्ठ, पाप, पुरोहित, वैचित्य, सिर्जना, आत्मा, सच्चिदानन्द, अमर, स्वर्ग, काल, धर्म, प्राण, सृष्टि, कण, हंस, अंश जस्ता पौरस्त्य दार्शनिक तत्सम शब्दहरूको प्रयोगले काव्यमा उच्च गरिमा थपेको छ ।

## ७. निष्कर्ष

स्वच्छन्दतावादी खण्डकाव्यकार माधव घिमिरेद्वारा रचित राजेश्वरी रानी राजेश्वरीको ऐतिहासिक कथावस्तुमा आधारित राजेश्वरी चरित्रप्रधान खण्डकाव्य हो । राजेश्वरीको प्रमुख चरित्रमा आधारित यस काव्यमा आमात्य, पुरोहितलगायतका जम्मा चौध पात्र रहेका छन् । नेपाली पहाडी प्रकृतिको स्थानगत परिवेशका साथै भीमसेन थापाको उदयकालको समय र तत्कालीन नेपाली राजनीतिक दाउपेच र सांस्कृतिक परिवेशको झलक छ । मानवतावादी चिन्तनको वकालत गर्न खोजिएको यस काव्यको भाषाशैली सरल, सहज र बोधगम्य रहेको छ । पौरस्त्य दर्शनका ईश्वर, आत्मा, सृष्टि, स्वर्गनर्क, नित्यकर्म, नैमित्तिककर्म र काम्यकर्मका साथै प्रकृति र पुरुषको सफल प्रस्तुति रहेको छ । साथै ईश्वरद्वारा प्रदत्त मानवजीवनका साथै सम्पूर्ण सिर्जनामा खेलबाड गर्नु हुँदैन भन्ने दार्शनिक चिन्तन उजागर भएको छ ।

## सन्दर्भ सामग्री सूची


घिमिरे, माधव (२०६९). गौरी दसौं सं. ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, आनन्दप्रकाश (सन् २००६). भारतीय दर्शन जयपुर : यूनिवर्सिटी बुक हाउस प्रा.लि. ।

त्रिपाठी, वासुदेव (२०२८). माधव घिमिरेको यात्रा र राजेश्वरी खण्डकाव्य. रूपरेखा, वर्ष १२, अङ्क ११, पृष्ठ ६(२४ ।

निगम, शोभा (सन् २०११). भारतीय दर्शन  चतुर्थ सं. दिल्ली : मोतीलाल वनारसीदास  ।

नेपाल, शैलेन्द्रप्रकाश (२०६१). राष्ट्रकवि माधव घिमिरे. काठमाडौं : गण्डकी  सामजिक गुठी ।

पोखरेल, भानुभक्त (२०५०). कवि घिमिरे र उनका काव्यचिन्तन द्वि. सं. ललितपुर : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५६). माधव घिमिरेका विशिष्ट खण्डकाव्य. ललितपुर : साझा प्रकाशन ।

राधाकृष्णन्, सर्वपल्ली (सन् २०१५). भारतीय दर्शन भाग २ हिन्दी सं. दिल्ली : राजपाल एण्ड सन्स ।

रिसाल, राममणि (२०५०). नेपाली काव्य र कवि चौथो सं. ललितपुर : साझा प्रकाशन ।

शर्मा, बालचन्द्र (२०३९). नेपाली साहित्यको इतिहास. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सांकृत्यायन, राहुल (सन् १९४४). दर्शन दिग्दर्शन. इलाहबाद : किताब महल ।


❋ ❋ ❋